आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :११

आज मिति २०८२/१२/१८ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोख्रेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | कार्यबहाक वडा अध्यक्ष | ६ नं. | श्री श्रीकुमार थापा |
| | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोख्रेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८२/१२/१८)

| सि. नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | कार्यपालिका निर्णय, योजना तथा कार्यक्रमको कार्यान्वयन समिक्षा सम्बन्धमा। | गाउँपालिका कार्यालय | भएको |
| २. | जनतासंग जनप्रतिनिधि तथा जेष्ठवृद्ध कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ माथी छलफल सम्बन्धमा। | गाउँपालिका कार्यालय | -॥- |
| ३. | जिल्ला समन्वय समितिको प्रतिवेदनमाथी छलफल सम्बन्धमा | गाउँपालिका कार्यालय | -॥- |
| ४. | सडक लगतकट्टा सम्बन्धमा। | गाउँपालिका कार्यालय | -॥- |
| ५. | आँखा शिविर संचालन सम्बन्धमा। | स्वास्थ्य शाखा | -॥- |
| ६. | एकीकृत घुम्ती शिविर संचालन सम्बन्धमा। | प्रशासन शाखा | -॥- |
| ७. | बेसारडाँडा सामुदायिक स्वास्थ्य ईकाइको कार्यालय स्थानान्तरण सम्बन्धमा। | स्वास्थ्य/प्रशासन शाखा | -॥- |
| ८. | गाउँ शिक्षा समितिको सिफारिस सम्बन्धमा। | शिक्षा शाखा | -॥- |
| ९. | १ नं. वडा कार्यालय भवन निर्माणको बहुवर्षिय ठेक्का आव्हान सम्बन्धमा | योजना शाखा | -॥- |
| १०. | LGPAS (स्थानीय शासन कार्यसम्पादन स्वमूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन उपर छलफल सम्बन्धमा। (८२.१) | प्रशासन शाखा | -॥- |
| ११. | अध्यक्षकप खेलकुद संचालन सम्बन्धमा। | शिक्षा युवा तथा खेलकुद शाखा | -॥- |
| १२. | मुख्यमन्त्री नवप्रर्वतन कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | | -॥- |
| १३. | स्थानीय अनुकुलन कार्ययोजना (लापा) स्वीकृत सम्बन्धमा। | | -॥- |
| १४. | राहत तथा काजक्रिया खर्च उपलब्ध गराउने सम्बन्धमा। | | -॥- |
| १५. | विविध<br>• फुटकर योजना<br>• आर्थिक सहायता सम्बन्धमा<br>• | | -॥-<br>-॥- |

मिति:२०८२/१२/१८

**निर्णय नं. १**

बिरुवा गाउँ कार्यपालिकाबाट हालसम्म भएका निर्णयहरु कार्यान्वयनको अवस्था तथा गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट भईरहेको सेवा प्रबाहको समिक्षा गर्दै सेवा प्रबाहलाई थप प्रभावकारी र सहज बनाउन आवश्यक भूमिका निर्बाह गर्ने निर्णय गरियो साथै चालु आ.व. २०८२/८३ मा बिरुवा गाउँपालिकाको बजेट तथा कार्यक्रममा समावेश योजनाहरुको कार्यान्वयनको अवस्थाबारे गहन छलफल गरीयो।

**निर्णय नं. २**

बिरुवा गाउँपालिकाको कार्यपालिकामा पेश भएको तपसिल कार्यविधि माथी छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो।

**तपसिल :**

- जनतासंग जनप्रतिनिधि तथा जेष्ठवृद्ध कार्यक्रम संचालन कार्यविधि-२०८२

**निर्णय नं. ३**

जिल्ला समन्वय समिति, स्याङ्जाबाट मिति २०८२/१२/१५ गते प्राप्त आ.व. २०८१/८२ को अनुगमन पृष्ठपोषण माथि छलफल गरी उक्त प्रतिवेदनले प्रदान गरेका सुझाव कार्यान्वयनको लागि कार्यालयलाई निर्देशित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

गण्डकी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय पोखराको मिति २०८२/१२/०८ को पत्रअनुसार बिरुवा गाउँपालिका क्षेत्रभित्र निर्माण भएका तपसिलका सडकहरुको लगतकट्टा गर्ने प्रयोजनका लागि गाउँपालिकाको तर्फबाट २५ प्रतिशत रकम साझेदारी गर्ने गरी नियमानुसार प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतिले गरियो।

तपसिल :

- वेलघारी मेथाभुरुङ्ग सपाउँदे कुमेरदुङ सडक - ११ कि.मि.
- भन्ज्याङ बाहुँ बिरुवा सडक - ११ कि.मि.
- बिरुवा मिलनचोक बगरीबोट सडक — ८ कि.मि.
- रहखोला मिलनचोक सडक — ६ कि.मि.

**निर्णय नं. ५**

B.M. Foundation नेपालले उक्त संस्थाको प्राविधिक सहयोग (दक्ष जनशक्ति, उपकरण तथा औषधी) रहने गरी २०८२/१२/२३-२५ गतेसम्म बिरुवा गाउँपालिकाका विभिन्न वडामा आँखा शिविर संचालन

गर्न अनुमती माग गरेकोले उक्त आँखा शिविर संचालनका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रमा B.M. Foundation बाट खटाइएका दक्ष जनशक्ति र कार्यक्रममा परिचालन भएका स्वयं सेवकहरुको खाना, खाजा, यातायात लगायतका व्यवस्थापकीय खर्च कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने गरी तपशिलमा लेखिएका स्थानहरुमा आँखा शिविर संचालन गर्ने निर्णय गरियो।

**तपसिल :**

१. बिरुवा आधारभूत अस्पताल, बिरुवा ६- २०८२/१२/२३ गते
२. ओरष्टे स्वास्थ्य चौकी, बिरुवा ४- २०८२/१२/२४ गते
३. बिरुवा गाउँपालिका ३ नं. वडा कार्यालय- २०८२/१२/२५ गते

**<u>निर्णय नं. ६</u>**

बिरुवा गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट प्रदान हुने सेवा प्रवाह लगायतका विभिन्न कार्यहरुको पहुँच सेवाग्राहीको घरदैलोमा पुर्याउने उदेश्यले तपसिल मिति र स्थानमा एकीकृत घुम्ती शिविर संचालन गर्ने निर्णय गरियो।

**तपसिल :**

१. जनजागृती आधारभूत विद्यालय, बिरुवा ७ बलेउ- २०८३/०१/०३ गते

**<u>निर्णय नं. ७</u>**

बिरुवा गाउँपालिका वडा नं. २ मा रहेको बेसारडाँडा सामुदायिक स्वास्थ्य ईकाइ रहेको भवन जीर्ण भइ भत्कन सक्ने अवस्था रहेकोले उक्त स्वास्थ्य ईकाइको नयाँ भवन निर्माण नभएसम्मका लागि हाल श्यामपोखरी आ.वि. संचालनमा रहेको स्थानबाट सेवा प्रवाहको व्यवस्था गर्ने गरी स्थानान्तरण गर्ने निर्णय गरियो। साथै श्यामपोखरी आ.वि. को नाममा रहेको पुरानो भवन रहेको जग्गा बेसारडाँडा सामुदायिक स्वास्थ्य ईकाइ वा बिरुवा गाउँपालिकाको नाममा ल्याउनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**<u>निर्णय नं. ८</u>**

बिरुवा गाउँपालिका गाउँ शिक्षा समितिको विभिन्न मितिमा बसेका बैठकबाट गाउँ कार्यपालिका समक्ष सिफारिस भएका विषयमाथी छलफल गरी तपसिल बमोजिम गर्ने गराउने निर्णय सर्वसम्मतिले गरियो।

**तपसिल :**

क. निम्नानुसारका विद्यालयहरुको विद्यालय समायोजन, मर्ज र कक्षा घटुवाको निर्णय गरियो ।

| क.स. | विद्यालयको नाम | हाल सञ्चालनमा रहको कक्षा | कायम हुने कक्षा |
|---|---|---|---|
| १ | श्री विद्याविकास आ.वि, बिरुवा-[illegible] | कक्षा (१-३) | कक्षा १ |

| | | | |
|---|---|---|---|
| २ | श्री श्याम पोखरी आ.वि, बिरुवा-०२ | कक्षा (१-३) | कक्षा १-२ |
| ३ | श्री लाकुरी डाँडा आ.वि, बिरुवा-०२ | कक्षा (१-३) | ई.सि.डि. |
| ४ | श्री सिद्धमण्डली आ.वि, बिरुवा-०३ | कक्षा (१-८) | कक्षा (१-७) |
| ५ | श्री जनजागृति आ.वि, बिरुवा-०६ | कक्षा (१-७) | कक्षा (१-८) |
| ६ | श्री महेन्द्र आ.वि, बिरुवा-०६ | कक्षा (१-४) | कक्षा (१-३) |
| ७ | श्री पानधारा आ.वि., बिरुवा- ०८ | कक्षा (१-४) | कक्षा (१-५) |
| ८ | श्री देववाणी आ.वि., बिरुवा-०५ | कक्षा (१-७) | कक्षा (१-८) |
| ९ | श्री चैतन्य भवानी आ.वि,बिरुवा-०८ | कक्षा (१-५) | एकीकरण गर्ने |
| १० | श्री मनकामना आ.वि,बिरुवा-०८ | कक्षा (१-३) | |

ख. बिरुवा गाउँपालिका वडा नं. ८ मा रहेका श्री चैतन्य भवानी आ.वि. र श्री मनकामना आ.वि. लाई एकीकरण तथा समायोजन गर्नका लागि दुवैलाई उपयुक्त ठाउँ पर्ने गरी आवश्यक भौतिक पूर्वाधार लगायत भवन निर्माणका लागि चाहिने बजेट व्यवस्थापनका लागि शिक्षा तथा मानव विकास स्रोत केन्द्रमा आवश्यक कागजातहरु सहित पत्र पठाउने निर्णय गरियो।

ग. कक्षा घटुवा तथा विद्यालय मर्जर, समायोजन भएपछि आवश्यक दरबन्दीका सम्बन्धमा श्री लाँकुरी आ.वि. विद्यालयलाई कक्षा घटुवा गरेपछी उक्त विद्यालयमा रहेको दरबन्दीलाई जामुनेडाँडा मा.वि. विद्यालयमा कामकाजका लागि खटाईने निर्णय गरियो।

घ. बिरुवा गाउँपालिका वडा नं. ७ मा रहेको श्री प्रभात आ.वि.मा कक्षा १-७ सञ्चालन भइरहेकोमा आवश्यक दरबन्दी नरहेकोमा १ दरबन्दी थप गर्ने निर्णय गरियो।

ङ. संघीय सर्शत कार्यक्रम अन्तर्गत विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनः १० लाख कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ को कार्यक्रम बिरुवा गाउँपालिका अन्तरगत वडा नं. ४ मा रहेको श्री खुदी आ.वि. बिरुवा-०४ लाई प्रदान गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ९</u>

चालु आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रममा १ नं. वडा कार्यालय भवन निर्माण शिर्षकमा रु. १०,००,०००/- (अक्षरुपी दश लाख) बजेट विनियोजन भएको तथा उक्त वडा कार्यालय भवन निर्माणको लागि गण्डकी प्रदेश सरकारको ५० प्रतिशत रकम साझेदारी रहने गरी २०८२/१२/१० मा गण्डकी प्रदेश सरकार सँग सम्झौता समेत भईसकेकोले उक्त योजनालाई बहुवर्षिय योजनामा समावेश गरी निर्माण प्रक्रिया अगाढि बढाउने र १ नं वार्ड कार्यालय निर्माणका लागि प्रदेश सरकार समक्ष भएको निर्णयानुसारको रकम आगामी गाउँसभामा बिनियोजन गर्ने गरी हाल भवन निर्माणको कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १०**

बिरुवा गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को स्थानीय शासन कार्यसम्पादन स्वमूल्याङ्कन (LGPAS) को प्रारम्भिक नतिजामाथी छलफल गरी प्रारम्भिक नतिजाबाट प्राप्त औषत अंक ८२.१ सहित थप पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

बिरुवा गाउँपालिका ९ औ अध्यक्ष कप खेलकुद प्रतियोगिता २०८३/०१/११-१३ गते सम्म बिरुवा गाउँपालिका वडा नं. १ मा आयोजना गरी सम्पन्न गर्नका लागि स्थानिय खेलकद बिकास समितिलाइ जानकारी गराइ समितिको निर्णयानुसार तोकिएका खेलहरु समयमै सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखरा र बिरुवा गाउँपालिका कार्यालयको साझेदारीमा संचालित मुख्यमन्त्री नवप्रर्वतन कार्यक्रमको प्रस्तावनामा समावेश मागमा आधारित कृषि सामाग्री तथा उपकरण र सिँचाई सामाग्री वितरण शिर्षकमा विनियोजित रकमबाट कृषि समुहहरुबाट आएको मागको आधारमा तपसिल बमोजिम कृषि सामाग्री तथा उपकरण र सिँचाई सामाग्री खरिद गर्ने निर्णय गरियो।

**तपसिल :**

क. **मागमा आधारित कृषि सामग्री एवं उपकरण तर्फः**

| जम्मा | सामग्री | कुल लागत जम्मा रु. | गाउँपालिका (५०% साझेदारी) | कैफियत |
|---|---|---|---|---|
| १ | मल्चिंग प्लाष्टिक | १९२५०० | ९६२५० | |
| २ | टनेल | ७६०००० | ३८०००० | |
| ३ | स्प्रेयर | २००००० | १००००० | |
| ४ | मिनीटिलर | ६२४०००० | ३१२०००० | |
| ५ | ग्रास कटर | ४५००० | २२५०० | |
| ६ | ब्रसकटर (नर्मल) | १२५००० | ६२५०० | |
| ७ | हजारी | १००० | ५०० | |
| ८ | डिजिटल तराजु | ३०८००० | १५४००० | |
| ९ | ग्रिन नेट | ५००० | २५०० | |
| १० | चेन स | ८०००० | ४०००० | |
| | **जम्मा रु.** | ७९५६५०० | ३९७८२५० | |

ख. सिंचाई सामग्री वितरण तर्फ):

| क्र.सं. | सामग्री | कुल लागत जम्मा रु. | गाउँपालिका (५०% साझेदारी) | कैफियत |
|---|---|---|---|---|
| १ | पाईप (50mm) | ११६६४१ | ५८३२१ | |
| २ | पाईप (32mm) | ३०९०९ | १५४५५ | |
| ३ | पाईप (25mm) | ८६११२४ | ४३०५६२ | |
| ४ | पाईप (20mm) | ३९८८३५ | १९९४१७ | |
| ५ | गार्डेन पाईप | २१००० | १०५०० | |
| ६ | थोपा सिंचाई | ४०००० | २०००० | |
| ७ | प्लास्टिक पोखरी | १८००० | ९००० | |
| ८ | स्प्रिंकल | ७५० | ३७५ | |
| ९ | ड्रम (१००० लि.) | ८४००० | ४२००० | |

**निर्णय नं. १३**

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. ४९२ (संघीय सर्सत अनुदान) मा रहेको नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयनको लागि नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयन कार्यवधि-२०८२ बमोजिम यस कार्यालयबाट कार्ययोजना निर्माणका लागि श्रीया कन्सल्टेन्सी प्रालि र यस कार्यालय बिच भएको सम्झौतानुसार उक्त प्रालिले निर्माण गरेको कार्ययोजना स्वीकृत गरी सम्झौतानुसारको रकम भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १४**

विरुवा गाउँपालिकाका वडा नं. ८ का वडा अध्यक्ष नविन कुमार आलेको उपचारको क्रममा मिति २०८२।११।२७ गते मृत्यू भएकोले निजका परिवारलाइ राहत तथा काजक्रिया खर्च वापत यस गाउँपालिका कार्यालयबाट रु. १,००,०००/- (अक्षरुपी एक लाख मात्र) अन्य सामाजिक सहायतता शिर्षकबाट उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. १५**

क. बिरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो।

## तपसिल :

| क्र.स. | योजनाको नाम/विवरण | ठेगाना | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | स्याङ्दी काफेखोला खोला मर्मत | बिरुवा-६ | २५,०००/- | |
| २. | सिम्ले खानेपानी मर्मत | बिरुवा- ५ | ५०,०००/- | |
| ३. | गोपाले सिँचाई कुलो मर्मत | बिरुवा- ५ | १,००,०००/- | |
| ४. | खुदी आ.वि.खानेपानी व्यवस्थापन | बिरुवा-* ४ | ४०,०००/- | |
| ५. | तल्लो सिखरसिङ्ग अलैचे डाडा इन्टेक निर्माण | बिरुवा -५ | १५,०००/- | |

**ख.** बिरुवा गाउँपालिकामा विभिन्न मितिहरुमा तपसिल व्यक्तिहरुले कार्यालयमा प्रस्ताव पेश गरेकाले देहायका संस्थाहरुलाइ कार्यक्रम खर्च/ गाउँपालिका स्तरिय फूटकर योजना / आर्थिक सहायता/ संघ संस्था सहायता शिर्षकबाट तपशिलको रकम सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम/विवरण | बजेट शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | बालकन्या युवा क्लब, बिरुवा-१, स्याङ्जा (१८ औ बिरुवा बजार मेला) | कार्यक्रम खर्च | ४०,०००/- | |
| २. | संयुक्त नागस्थान युवा क्लब, बिरुवा-१ र ५, स्याङ्जा (भलिबल प्रतियोगिता) | कार्यक्रम खर्च | ४०,०००/- | |
| ३. | मिलेनियम ट्रेक व्यवस्थापन समिति (मिलेनियम ट्रेक प्रर्वद्धनात्मक कार्यक्रम-२०८३) | कार्यक्रम खर्च | २५,०००/- | |
| ४. | अमोर बालगृह, फेदीखोला स्याङ्जा (अनाथ बालबालिका रेखदेखको लागि आर्थिक सहयोग) | संघसंस्था सहायता | १,००,०००/- | |
| ५. | मनकामना मन्दिर व्यवस्थापन समिति (मनकामना मेला २०८२) | कार्यक्रम खर्च | ५०,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| ६. | एक्टिभ म्युजिक प्रा.लि. (एक्टिभ म्युजिक अवार्ड-२०८२) | संघसंस्था सहायता | ४०,०००/- | |

ग. बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को क्र.सं. ४८ मा समावेश उपाध्यक्ष महिला विकास कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट गलैचा बुन्ने तालिमको लागि सूचना प्रकाशन गर्दा आवेदन नपरेकोले २(दुई) वटा महिला समुहलाई नौमती तालिम प्रदान गरी ७५ प्रतिशत अनुदानमा प्रविधि हस्तान्तरणको लागि १/१ सेट नौमती बाजा उपलब्ध गराउने निर्णय गरियो ।